नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८०/०८१
चलानी नम्बरः-

मिति : २०८१/०३/२७

## इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनौटका लागि आवेदन दिने म्याद थप गरिएको बारे

## अत्यन्त जरुरी सूचना !

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपाङ्गता भएका व्यक्तिहरुका स्याहारका लागि सहायक कामदारको रुपमा कार्य गर्न मिति २०८१/०४/०१ तदनुसार July 16, 2024 भित्रमा आवश्यक कागजात सहित आवेदन दिने भनी यस विभागबाट मिति २०८१/०३/११ तदनुसार June 25, 2024 मा सूचना प्रकाशित भएकोमा उक्त आवेदन दिने म्याद थप गरी मिति २०८१/०४/११ गते तदनुसार July 26, 2024 सम्म कायम गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै, अङ्ग्रेजी भाषा परीक्षाको जाँच दिइसकेपछि परिणाम प्राप्त गर्न समय लाग्ने भएकोले British Council बाट लिइने Foundation English Test (FET) का लागि मिति २०८१/०४/०१ तदनुसार July 16, 2024 भित्र आफ्नो नाम र विवरण सहित उक्त दर्ता प्रणालीमा registration गरी परीक्षामा सामेल हुने प्रक्रिया पूरा गरिसक्नुपर्ने व्यहोरा अनुरोध छ।

नेपाल सम्बत् ११४४ दिल्वाथ्व पञ्चमी, बिहीबार

..........................
(डण्डुराज घिमिरे)
महानिर्देशक

महानिर्देशक

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np